# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

### गाउँ कार्यपालिकाको बैठक

**आ. व.:** २०८१/०८२ — **मिति :** २०८२/०१/०७

**बैठक संख्या :** १२-२०८१/०८२ — **समय :** बिहानको १०:३० बजेदेखि

आज मिति २०८२ वैशाख ०७ गते आइतबारका दिन रोङ गाउँपालिकाका अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मनि कुमार स्याङ्बो | अध्यक्ष | ९८५२६७८७३२ | |
| २ | श्री विष्णुमाया खवास | उपाध्यक्ष | ९८४४६३१५१७ | |
| ३ | श्री मनोहरि खड्का | १ नं. वडा अध्यक्ष | ९८५२६४०५७० | |
| ४ | श्री चन्द्र शेखर घिमिरे | २ नं. वडा अध्यक्ष | ९८१६९५३४९३ | |
| ५ | श्री मातृका बराल | ३ नं. वडा अध्यक्ष | ९८४२६२४११४ | |
| ६ | श्री राज कुमार लाप्चा | ४ नं. वडा अध्यक्ष | ९८१४०४०२९४ | |
| ७ | श्री दल बहादुर पुलामी | ५ नं. वडा अध्यक्ष | ९८४१७००३४० | |
| ८ | श्री सत्यम राई चौरासे | ६ नं. वडा अध्यक्ष | ९८६४९१२३२ | |
| ९ | श्री नानू तामाङ | कार्यपालिका सदस्य | ९८१४९१२२३१ | |
| १० | श्री मिनादेवी तामाङ | कार्यपालिका सदस्य | ९८२४९६७९६२ | |
| ११ | श्री लक्ष्मी नेपाली | कार्यपालिका सदस्य | ९८१४०८७४७१ | |
| १२ | श्री इन्दिरा देवी विश्वकर्मा | कार्यपालिका सदस्य | ९८०४९२९०९९ | |
| १३ | श्री युवराज खाम्बुवा राई | कार्यपालिका सदस्य | ९८४२६६८३१४ | |
| १४ | श्री दया कुमारी दियाली | कार्यपालिका सदस्य | ९८१६०३२६०७ | |
| १५ | श्री विनोद कुमार चौहान | सचिव | ९८५२६४२०२० | |
| १६ | श्री नारायण अर्याल | आमन्त्रित | ९८५२६४४६९९ | |
| १७ | श्री प्रनिष कट्टराई | " | | |
| १८ | रोशन मेहराई | " | | |
| | | | | |

# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

आ. व.: २०८१/०८२

बैठक संख्या : १२-२०८१/०८२

मिति : २०८२/०१/०७

समय : बिहानको १०:३० बजेदेखि

---

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।

निर्णय १ : कार्यपालिकाको मिति : २०८१/१०/२४ गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्यालयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो। कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८१/०८२ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने।

प्रस्ताव ४ : पाथीभरा क्षेत्रसँग सम्बन्धित योजना कार्यान्वयन प्रकृया अघि बढाउने सम्बन्धमा।

निर्णय ४ : रोङ गाउँपालिका, वडा नं.-३ मा रहेको पाथीभरा क्षेत्रसँग सम्बन्धित योजनाहरुलाई तपशील बमोजिम कार्यान्वयन प्रकृया अघि बढाउने :

तपशील :

क) पाथीभरा क्षेत्रसँग सम्बन्धित योजना तथा कार्यक्रमहरुमा रहेका बजेटलाई देहाय बमोजिम एकीकृत गर्ने।

देहाय

(अ) पाथिभरा पुराण : रु. ५,००,०००।- (आन्तरिक स्रोत, नगद)

(आ) पाथिभरा पुराण : रु. ५,००,०००।- (आन्तरिक स्रोत, नगद)

(इ) पाथिभरा मन्दिर : रु. ८४,२०,०००।- (आन्तरिक स्रोत, नगद)

(ई) पाथिभरा मन्दिर सालको काठ खरिद : रु. ९,९०,०००।- (नेपाल सरकार, समानीकरण)

(उ) रोङ ३ वडा कार्यालय सालको काठ खरिद : रु. ९,९०,०००।- (नेपाल सरकार, समानीकरण)

(ऊ) रोङ गाउँपालिका कार्यालय सालको काठ खरिद : रु. ६,००,०००।- (नेपाल सरकार, समानीकरण)

ख) उक्त एकीकृत बजेटबाट स्वीकृत लागत अनुमानका आधारमा देहाय बमोजिमका योजनाहरु सञ्चालन गर्ने :

(अ) पाथिभरा आवास निर्माण (लागत अनुमान रु. ७९,७३,९४०।९६)
(आ) पाथिभरा मन्दिर रिटेनिङ वाल निर्माण (लागत अनुमान रु. ८२,५०,९९४।९७)
(इ) कुट्टीडाँडा र हाँसपोखरी सौन्दर्यकरण (लागत अनुमान रु. ७६,६१,६०६।८६)
(ई) कुटीडाँडा प्रतीक्षालय सौन्दर्यकरण

ग) माथिको (अ), (आ) र (इ) अन्तर्गतका योजनाहरु ठेक्का e-bid मार्फत बहुवर्षीय योजनाका रुपमा कार्यान्वयन गर्ने साथै (ई) अन्तर्गतको योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने ।

प्रस्ताव ५ : प्रदेश समपूरक योजनाहरु माग गर्ने सम्बन्धमा ।

निर्णय ५ : आगामी आ. व. २०८२/०८३ का लागि प्रदेश समपूरक अनुदान अन्तर्गत 'कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१' बमोजिम देहाय बमोजिमको माग गर्ने :

**देहायः**

| क्र. सं. | योजनाको नाम | ठेगाना | प्रदेश समपूरक रकम रु. | गाउँपालिकाको साझेदारी रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हर्कटे-दैले-जौबारी-कुवापानी-लिम्बूगाउँ-पाखागाउँ-लामिटार-सेङ्लेङटार सडक | रोङ-६ | ९७ लाख ५० हजार | ५२ लाख ५० हजार | १ करोड ५० लाख | क्रमागत योजना |
| २ | हांसपोखरी-मझुवा-सारुपाखा-मुर्चुङ्गे-नाखोपा-बेसिबजार सडक | रोङ ३ र रोङ-५ | ९७ लाख ५० हजार | ५२ लाख ५० हजार | १ करोड ५० हजार | क्रमागत योजना |

प्रस्ताव ६ : फोहोरमैला व्यवस्थापनका लागि रणनीतिक साझेदारी गर्ने सम्बन्धमा ।

निर्णय ६ : कोशी प्रदेशको 'फोहोरमैला व्यवस्थापन रणनीतिक साझेदारी कार्यविधि, २०८०' बमोजिम यस रोङ गाउँपालिका र सीमावर्ती सूर्योदय नगरपालिकाबीच उपयुक्त स्थानमा फोहोरमैला व्यवस्थापनका लागि पूर्वाधार निर्माण तथा सो को सञ्चालन गर्न साझेदारी गर्ने ।

प्रस्ताव ७ : 'कर्सोङ पदमार्ग व्यवस्थापन निर्देशिका, २०८२' स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय ७ : यस रोङ गाउँपालिकाको वडा नं. ३, हाँसपोखरीबाट शुरू भई वडा नं. ६ हुँदै नेपाल भारतको सिमानासम्म रहेको 'करसोङ पदमार्ग' को सञ्चालन तथा व्यवस्थापन गर्नको लागि तयार गरिएको कर्सोङ पदमार्ग व्यवस्थापन निर्देशिका, २०८२ स्वीकृत गर्ने ।

प्रस्ताव ८ : 'कोशी प्रदेश पर्यटन वर्ष, २०८२' सम्बन्धी कार्यक्रमहरु व्यवस्थापन गर्ने सम्बन्धमा ।

**निर्णय ८** : 'कोशी प्रदेश पर्यटन वर्ष, २०८२' सफल बनाउन आर्थिक विकास समितिले यस रोङ गाउँपालिका अन्तर्गत रहेका पर्यटकीय स्थलहरुको भ्रमणको योजनाको बारेमा कार्यपालिकाको आगामी बैठकमा कार्यतालिका पेश गर्नुका साथै पर्यटकीय, कृषि उपज सहितको रोङ ब्रुसर निर्माणको लागि खाका तयार गरी पेश गर्ने।

**प्रस्ताव ९** : भूमिहीन दलित भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन सम्बन्धमा।

**निर्णय ९** : यस रोङ गाउँपालिकाका भूमिहीन दलित भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने :

क) यस गाउँपालिका वडा नं. १ को १५० जनाको लागि दाबी बिरोध सम्बन्धी जारी गरिएको सूचनामा कुनै पनि हकदाबी नआएकोले सम्बन्धित निकायमा सो व्यहोरा खुलाई पत्राचार गर्ने।

ख) यस अघि गरिएको सूचनामा छुट भएका रोङ गाउँपालिकाभित्रका भूमिहीन दलित भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुले आवेदन संकलनार्थ पुनः सूचना खुलाउनको लागि भूमि समस्या समाधान आयोग, जिल्ला समिति, इलामलाई पत्राचार गर्ने।

**प्रस्ताव १०** : कार्यालयबाट शाखारहित बैंकिङ सेवा सञ्चालन गर्न पहल गर्ने।

**निर्णय १०** : यस रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयसँग सम्बन्धित सम्पूर्ण बैंकिङ कारोबारहरु सञ्चालन गर्नका लागि कार्यालयभित्रै शाखारहित बैंकिङ सेवा स्थापनार्थ सम्बन्धित पक्षसँग आवश्यक समन्वय गर्ने। साथै आगामी आ. व. २०८२/०८३ बाट गाउँपालिका हाताबाट नै बैंकिङ सेवा सुचारू गर्ने।

**प्रस्ताव ११** : भाडामा मेशिन लिने सम्बन्धमा।

**निर्णय ११** : रोङ गाउँपालिकाको विभिन्न वडामा निर्माण सम्बन्धी कार्य गर्न आवश्यक पर्ने विभिन्न प्रकारका हेभी इक्युपमेन्टहरु (ब्याक हो लोडर, एक्स्काभेटर, रोलर, ग्रेडर) भाडामा लिने। सो बापतको खर्च 'सवारी साधन तथा मेशिनरी औजार भाडा' शीर्षकबाट भुक्तानी दिने।

**प्रस्ताव १२** : जन्मदर्ता नभएका विद्यार्थीहरुको जन्मदर्ता गराउने सम्बन्धमा।

**निर्णय १२** : रोङ गाउँपालिकाभित्रका विभिन्न सामुदायिक विद्यालयहरुमा अध्ययनरत हालसम्म जन्मदर्ता नभएका विद्यार्थीहरुको विवरण लिई, सम्बन्धित निकायहरुसँग समन्वय गरी नियमानुसार जन्मदर्ता प्रकृया सम्बन्धित वडा कार्यालयले अगाडि बढाउने।

**प्रस्ताव १३** : खोरेत रोग नियन्त्रण स्थानीय आन्तरिक चेक पोष्ट निर्धारण सम्बन्धमा।

**निर्णय १३** : 'खोरेत रोग नियन्त्रण आयोजना सञ्चालन सम्बन्धी कार्यविधि, २०८१' बमोजिम तपशीलको ठाउँमा स्थानीय आन्तरिक चेकपोष्ट निर्माण प्रकिया अगाडि बढाउने। र उक्त आन्तरिक चेकपोष्टहरुमा १० दिनभित्र निगरानी समूह गठन गरी सो को विवरण पशु विकास शाखामा पठाउन वडाहरुलाई निर्देशन दिने।

तपशील :

१) सिरिसे आन्तरिक चेक पोष्ट (रोङ-१)

२) जुरे आन्तरिक चेक पोष्ट (रोङ-१)

३) साधुटार दुम्से आन्तरिक चेक पोष्ट (रोङ-१)

४) वनमारे आन्तरिक चेक पोष्ट (रोङ-२)

५) अरुणदय आन्तरिक चेक पोष्ट (रोङ-२)

६) झटारे आन्तरिक चेक पोष्ट (रोङ-२)

७) सातकटेरी आन्तरिक चेक पोष्ट (रोङ-२)

८) बरफ्लयाङ आन्तरिक चेक पोष्ट (रोङ-२)

९) हर्कटे आन्तरिक चेक पोष्ट (रोङ-३)

१०) जोरकलस आन्तरिक चेक पोष्ट (रोङ-४)

११) भोटेटार आन्तरिक चेक पोष्ट (रोङ-४)

१२) गौंडा आन्तरिक चेक पोष्ट (रोङ-५)

१३) पाउलचोक आन्तरिक चेक पोष्ट (रोङ-५)

१४) बहुवन आन्तरिक चेक पोष्ट (रोङ-५)

१५) सिद्धि पावरहाउस आन्तरिक चेक पोष्ट (रोङ-६)

१६) लामिटार आन्तरिक चेक पोष्ट (रोङ-६)

१७) चौतारा आन्तरिक चेक पोष्ट (रोङ-६)

१८) निन्दा आन्तरिक चेक पोष्ट (रोङ-६)

१९) पाटापुर आन्तरिक चेक पोष्ट (रोङ-६)

२०) ब्युटी बोर्डर आन्तरिक चेक पोष्ट (रोङ-२)

प्रस्ताव १४ : खोरेत रोग निगरानी केन्द्रका लागि स्वयंसेवक नियुक्त गर्ने सम्बन्धमा।

निर्णय १४ : 'खोरेत रोग नियन्त्रण आयोजना सञ्चालन सम्बन्धी कार्यविधि, २०८१' को दफा २५ को खण्ड (ञ) उपखण्ड (५) बमोजिम रोङ गाउँपालिकामा निगरानी केन्द्र सञ्चालन गर्न स्वयंसेवक पदको नियुक्तिका लागि प्रक्रिया अगाडि बढाउने।

प्रस्ताव १५ : सेक्स सिमेनको दररेट घटाउने सम्बन्धमा।

निर्णय १५ : रोङ गाउँपालिकामा गाईको कृत्रिम गर्भाधानको लागि उन्नत नश्ल (सेक्सड सिमेन) कार्यक्रम प्रयोग तथा सञ्चालन सम्बन्धी कार्यविधि -२०७९ बमोजिम आजसम्म प्रति डोज रु.२७००/- लिई कृत्रिम गर्भाधान भई रहेकोमा सो दररेट घटाई अब उप्रान्त प्रति डोज सेक्स सिमेनको रु. २२००/- कायम गर्ने।

प्रस्ताव १६ : 'गुरु किसान कार्यक्रम' सञ्चालन सम्बन्धमा।

निर्णय १६ : संघीय शसर्त अनुदान अन्तर्गत 'गुरु किसान छनौट तथा नमुना फार्म स्थापना सहयोग कार्यक्रम' अन्तर्गत प्राप्त बजेट रकम रु. १५,००,०००/- (पन्ध्र लाख रुपैयाँ मात्र) 'प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१' को अधीनमा रही 'गुरु किसान छनौट, नमुना बगैंचा स्थापना तथा क्षेत्रविस्तार कार्यक्रम' कार्यान्वयन गर्ने।

प्रस्ताव १७ : 'मौरी पालन प्रवर्द्धन कार्यक्रम' सञ्चालन सम्बन्धमा।

निर्णय १७ : यस रोङ गाउँपालिकाको लागि कोशी प्रदेश शसर्त अनुदान अन्तर्गत 'मौरी पालन प्रवर्द्धन कार्यक्रम' शीर्षकमा प्राप्त रु. १०,००,०००/- (दश लाख रुपैयाँ मात्र) लाई देहाय बमोजिम कार्यान्वयन गर्ने :

देहाय :

(क) श्री सिर्जना सामुदायिक वन उपभोक्ता समूहलाई : रु. ५,००,०००।-

(ख) श्री रम्भ्याङ सामुदायिक वन उपभोक्ता समूहलाई : रु. २,९३,०००।-

(ग) मौरी तालिम हल निर्माण (वडा नं. ४) : रु. २,०७,०००।-

प्रस्ताव १८ : सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार सम्बन्धमा।

निर्णय १८ : रोङ गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारको लागि अभिभावक प्रतिबद्धता फाराम, गृहकार्य अभिलेख खाता, शिक्षकले कक्षाकोठामा बिताएको समय अभिलेख खाता, विद्यार्थी सिकाई सुधार योजना फाराम र शिक्षक सिकाई सुधार योजना फाराम सञ्चालनमा ल्याउने।

प्रस्ताव १९ : 'अभिभावक शिक्षा' को समीक्षा प्रतिवेदन सम्बन्धमा।

निर्णय १९ : गत आर्थिक वर्ष २०८०/०८१ देखि रोङ गाउँपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा सञ्चालनमा रहेको 'अभिभावक शिक्षा' कार्यक्रमको सम्बन्धमा सबै सामुदायिक विद्यालयबाट प्राप्त कार्यक्रमका सबल पक्ष, दुर्बल पक्ष, चुनौती र राय/सुझाव, प्रतिक्रिया सहितको समीक्षा प्रतिवेदन प्राप्त गरी सो को एकीकृत प्रतिवेदन यस रोङ गाउँपालिकाको कार्यपालिकाको बैठकमा पेश गर्ने र सो एकीकृत प्रतिवेदन तयार गर्ने जिम्मेवारी शिक्षा, युवा तथा खेलकूद शाखालाई दिने।

प्रस्ताव २० : खानेपानीको ट्याङ्की निर्माण गर्ने सम्बन्धमा।

निर्णय २० : रोङ गाउँपालिका वडा नं. ३ र वडा नं. ४ मा बसोबास गर्ने करीब ३०० घरधुरीको लागि विभिन्न ३ वटा खानेपानी उपभोक्ता समितिले प्रयोग गर्दै आएको रोङ-३, बैदाक खोल्सीमा रहेको खानेपानी मुहानमा प्राविधिक लागत अनुमान बमोजिम बढीमा २ हजार लिटर क्षमताको खानेपानी ट्याङ्की निर्माण गर्ने। (श्रोत : विपद व्यवस्थापन कोष)

प्रस्ताव २१ : गाडीभाडा उपलब्ध गराउने सम्बन्धमा।

निर्णय २१ : रोङ गाउँपालिका, वडा नं. - ३, कुट्टिडाँडामा रहेको कुट्टिडाँडा टोल विकास संस्था र कुट्टिडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समितिका पदाधिकारीहरुले मिति २०८१-११-११ गते धरान, भेडेटार हुँदै धनकुटासम्म १ दिने अध्ययन अवलोकन भ्रमणमा जाँदा प्रयोग गरेको २ वटा सवारी साधनको प्रचलित दररेट बमोजिम सवारी साधनको भाडा बापतको रकम भुक्तानी दिने ।(श्रोत : सवारी साधन तथा मेशिनरी औजार भाडा)

प्रस्ताव २२ : पशुसेवा शाखाको नयाँ भवनमा इन्टरनेट जडान गर्ने सम्बन्धमा ।

निर्णय २२ : रोङ गाउँपालिका, पशुसेवा शाखाको नयाँ भवनमा इन्टरनेट जडानको लागि नेपाल टेलिकमलाई 5 Mbps bandwith को dedicated lease line को इन्टनेट सेवा जडानको लागि दररेट माग गरिएकोमा नेपाल टेलिकमले पेश गरेको दररेट बमोजिम उक्त इन्टरनेट जडान गर्ने ।(श्रोत : सञ्चार)

प्रस्ताव २३ : तलब, भत्ता उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय २३ : रोङ गाउँपालिका, वडा नं. - २ मा रहेको श्री शान्तिपुर माध्यमिक विद्यालयको कक्षा ११ र कक्षा १२ मा बाणिज्य संकायमा अध्ययापनरत निजी शिक्षक श्री निशा कट्टेलको तलब, भत्ता दिन उक्त विद्यालयको कोषमा रकम अभाव भएकोले निज शिक्षिकालाई मासिक रु. ३५ हजारको दरले चाडपर्व खर्च सहित १२ महिनाको तलब भत्ता उपलब्ध गराउने । (श्रोत : पारिश्रमिक कर्मचारी)

प्रस्ताव २४ : आश्रय केन्द्र सञ्चालनको लगि आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय २४ : इलाम नगरपालिकामा 'हिंसा पिडित महिला आश्रय केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१' बमोजिम इलाम जिल्लामा रहेको हिंसा पीडित महिलाहरुलाई आश्रय दिनका निम्ति सञ्चालन गर्न लागिएको आश्रय केन्द्रको लागि रु. ५०,०००/- (अक्षरुपी पचास हजार मात्र) आर्थिक सहयोग गर्ने । (श्रोत : आर्थिक सहायता)

प्रस्ताव २५ : रोङ गान र रोङ लोगो सम्बन्धमा ।

निर्णय २५ : प्रस्तावित रोङ गानमध्येबाट उपयुक्त रोङ गान छनौट गर्नका लागि गाउँ कार्यपालिकालाई सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतले एक सिफारिस समिति गठन गर्ने । प्रस्तावित रोङ लोगोहरु प्रथम दृष्टिमा नै उपयुक्त नदेखिएकोले रोङ लोगोका लागि १ महिनाको म्याद राखी पुन सूचना गर्ने ।

प्रस्ताव २६ : जग्गाको स्थिति सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।

निर्णय २६ : यस गाउँपालिकाभित्र प्रत्येक वडामा विज्ञ सहितको टोलीबाट जनप्रतिनिधि, सरोकारवाला र सामाजिक अगुवाहरु समेतको सहभागितामा 'रोङमा जग्गा र यसको स्थिति' सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने र सो कार्यक्रमको लागि प्रतिवडा व्यवस्थापन खर्च र विज्ञ खर्च बापत रु. १५,०००/- (अक्षेरुपी पन्ध्र हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।(श्रोत : विविध खर्च)

प्रस्ताव २७ : हात्तीमारा सिंचाई व्यवस्थापन सम्बन्धमा ।

निर्णय २७ : स्वीकृत लागत अनुमान बमोजिम रोङ गाउँपालिका, वडा नं. - ५ मा रहेको हात्तीमारा सिंचाई योजना सञ्चालन गर्नको लागि स्वीकृत प्राविधिक स्टिमेट अनुसार टुचन व्यवस्थापन गर्ने ।(श्रोत : विपद् व्यवस्थापन कोष)

प्रस्ताव २८ : विद्युतीय सामाग्री माग गर्ने सम्बन्धमा ।

निर्णय २८ : रोङ गाउँपालिका, वडा नं. ३ का विभिन्न स्थानहरुमा विद्युत विस्तार गर्नुपर्ने भएकोले विद्युत विस्तारको लागि आवश्यक पोल, तार सहित अन्य विद्युतीय सामाग्रीहरु नेपाल विद्युत प्राधिकरणसँग माग गर्ने ।

प्रस्ताव २९ : गाउँसभाको १८ औं अधिवेशन आह्वान गर्ने सम्बन्धमा ।

निर्णय २९ : 'गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५' को दफा ३ को उपदफा २ बमोजिम यस रोङ गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशन यही मिति २०८२/०१/२२ गते, बिहान १० बजेदेखि रोङ गाउँपालिकाको सभाकक्षमा आयोजना गर्ने ।

प्रस्ताव ३० : सरसफाई कर्मचारीलाई थप आर्थिक सुविधा उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय ३० : रोङ गाउँपालिकाको वडा नं. ३, हाँसपोखरी क्षेत्र, गुगल पोइन्ट, करसोङ पदमार्ग, हाँसपोखरीको पार्किङ क्षेत्रमा सरसफाईको कार्य गर्दै आउनुभएका रोङ - ३ निवासी विकास राईलाई हाँसपोखरी टोल विकास संस्थाले मासिक ५,०००/- (अक्षेरुपी पाँच हजार रुपैयाँ मात्र) पारिश्रमिक उपलब्ध गराउँदै आएकोमा सरसफाई गर्ने स्थान धेरै भएकोले निजलाई गाउँपालिका कार्यालयबाट मासिक थप १०,०००/- (दश हजार रुपैयाँ मात्र) पारिश्रमिक उपलब्ध गराउने ।(श्रोत : पारिश्रमिक कर्मचारी)

प्रस्ताव ३१ : विद्यालयको वाइरिङ सहित सामाग्री मर्मत गर्ने सम्बन्धमा ।

निर्णय ३१ : यस गाउँपालिका वडा नं. ६ मा रहेको जिर्मले आधारभुत विद्यालयमा मिति २०८१/१२/२८ गते आएको वर्षा सहितको चट्याङ्को कारणले विद्यालयको विद्युत वाइरिङ, इन्टरनेट राउटर, इ-हाजिरी मेशिनमा क्षति पुर्याएकोले स्वीकृत प्राविधिक लागत अनुमान बमोजिम मर्मत गर्ने ।(श्रोत : विपद् व्यवस्थापन)

प्रस्ताव ३२ : खेलकूद कार्यक्रमलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय ३२ : रोङ गाउँपालिकाको वडा नं. ६ मा सञ्चालन भइरहेको 'जिर्मले फुटबल लिग, २०८१' को पुरस्कार, व्यवस्थापन र सञ्चालनको लागि बजेट अपुग भएकोले रु. ५०,०००/- (अक्षेरुपी पचास हजार रुपैयाँ मात्र) र वडा नं. ५ मा आ.व. २०८१/०८२ मा सञ्चालन हुने टोल स्तरीय खेलकूद (फुटबल र क्रिकेट) कार्यक्रमको लागि रु. ३०,०००/- (अक्षेरुपी तिस हजार रुपैयाँ मात्र) उपलब्ध गराउने । (श्रोत : आर्थिक सहायता)

प्रस्ताव ३३ : तालिम सञ्चालन गर्ने सम्बन्धमा ।

निर्णय ३३ : रोङ गाउँपालिकाको आ. व. २०८१/०८२ मा 'उपाध्यक्ष सँग महिला कार्यक्रम' शीर्षकमा विनियोजन गरिएको बजेटबाट खर्च भई बाँकी रहेको रकमबाट यस गाउँपालिकाको सबै वडाबाट ५ - ५ जनाको दरले जम्मा ३० जनालाई प्राविधिक, व्यवसायिक, जलवायु परिवर्तन, उद्यमशीलता सम्बन्धी तालिम सञ्चालन गर्ने।

प्रस्ताव ३४ : दोभाने क्षेत्रको नहर मुहान संरक्षण गर्ने सम्बन्धमा।

निर्णय ३४ : रोङ गाउँपालिका, वडा नं. ६ मा रहेको दोभाने क्षेत्रमा निर्मित नहरको मुहान संरक्षण गर्नका लागि स्वीकृत प्राविधिक स्टिमेटका आधारमा खर्च हुने गरी सहयोग गर्ने। (स्रोत : मर्मत संभार)

प्रस्ताव नं. ३५

आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय नं. ३५

देहायका व्यक्ति तथा संस्थाहरुलाई देहाय बमोजिम आर्थिक सहयोग गर्ने (श्रोत : आर्थिक सहायता):

(क) बिरामी तथा घाइतेहरुलाई आर्थिक सहायता

| क्र. सं. | सहयोग पाउनेको नाम, थर, ठेगाना | सहयोग गर्नुपर्ने कारण | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | मनिषा गुरुङ, रोङ - २, इलाम | जण्डिस र मुटुरोग उपचार | २०,०००।- | |

(ख) अन्य आर्थिक सहायता

| क्र. सं. | सहयोग पाउनेको नाम, थर, ठेगाना | सहयोग गर्नुपर्ने कारण | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | फिट स्टुडियो, बिर्तामोड ५ – झापा | खेलकूद प्रतियोगिता सञ्चालन खर्च | १०,०००।- | |
| २ | सुनिल राई, मेचीनगर - १, झापा | Singing Star Nepal को लागि सहयोग | २०,०००।- | |
| ३ | जिल्ला खेलकूद विकास समिति, इलाम | १५ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सहयोग | ५०,०००/- | |

प्रस्ताव नं. ३६

आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय नं. ३६ मिति : २०८१/१२/२८ गते रातिको वर्षासँगै आएको चट्याङ्को कारण क्षतिग्रस्त भएका रोङ गाउँपालिका, वडा नं. - ६ स्थित जिर्मले आ. वि. को बिजुलीको वाइरिङ, वाइफाइको राउटर, इ-हाजिरीका उपकरणहरु मर्मत तथा प्रतिस्थापन गर्ने तथा २ कोठे भवन रंगरोगन गर्न लाग्ने खर्च बिल तथा आवश्यक कागजातका आधारमा भुक्तानी दिने। साथै सोही विपद्का कारण पीडित

स्थानीय श्री भिम बहादुर प्रधानलाई घरायसी विद्युत मर्मत गर्न रु. ८,०००। आर्थिक सहयोग गर्ने। (श्रोत : विपद व्यवस्थापन कोष)

प्रस्ताव नं. ३७

कीर्ति बहादुर लकान्द्रीलाई आरन व्यवसायमा सहयोग गर्ने सम्बन्धमा।

निर्णय नं. ३७

रोङ गाउँपालिका, वडा नं.- १ निवासी कीर्ति बहादुर लकान्द्रीको आरन व्यवसायमा सहयोग गर्न निजलाई इलेक्ट्रोनिक ड्रिल मेसिन र वेल्डिङ मेशिन उपलब्ध गराउने। (श्रोत : आर्थिक सहायता)

प्रस्ताव नं. ३८

बाल अधिकार समितिको गठन गर्ने सम्बन्धमा।

निर्णय नं. ३८

'बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०८१' अनुसार देहाय बमोजिम रोङ गाउँपालिका बाल अधिकार समिति गठन गर्ने :

(१) श्री इन्दिरा देवी विश्वकर्मा (उपाध्यक्षले तोकेको कार्यपालिका सदस्य) : अध्यक्ष

(२) श्री .............................. (गाउँपालिकाले तोकेको महिला वडा सदस्य) : सदस्य

(३) श्री .............................. (गाउँपालिकाले तोकेको वडा सदस्य) : सदस्य

(४) श्री .............................. (सरस्वती मा. वि. का प्रधानाध्यापक) : सदस्य

(५) श्री .............................. (सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता) : सदस्य

(६) श्री .............................. (बाल मनोसामाजिक विमर्शकर्ता) : सदस्य

(७) श्री .............................. (चिकित्सक वा स्टाफ नर्स) : सदस्य

(८) श्री श्रुती कुमारी तामाङ (शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख) : सदस्य

(९) श्री .............................. (गाउँपालिकास्तरीय बाल सञ्जालको अध्यक्ष) : सदस्य

(१०) श्री .............................. (जोरकलश प्रहरी बिटका इन्चार्ज) : सदस्य

(११) श्री .............................. (बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायको क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट गाउँपालिकाले मनोनयन गरेका एक जना महिला) : सदस्य

(१२) श्री .............................. (बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायको क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट गाउँपालिकाले मनोनयन गरेका एक जना) : सदस्य

(१३) श्री राधिका तामाङ (बाल कल्याण अधिकारी) : सदस्य-सचिव

प्रस्ताव नं. ३९

भ्वाइस अफ नेपाल सिजन ६ मा प्रमेश राईलाई भोटिङ सहयोग गर्ने सम्बन्धमा।

निर्णय नं. ३९

'रोङ प्रतिभाको खोजी' शीर्षकको रकम रु. १०,००,०००।- बाट भ्वाइस अफ नेपाल सिजन ६ का प्रतिस्पर्धी, रोङ गाउँपालिकाका प्रतिभा प्रमेश राईलाई भोटिङ सहयोग गर्न रु. ३,००,०००।- प्रदान गर्ने ।

प्रस्ताव नं. ४०

फूटबल प्रशिक्षक प्रशिक्षणका लागि आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय नं. ४०

कोशी प्रदेश फूटबल संघले आयोजना गर्ने प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रममा सहभागी हुनका लागि रोङ गाउँपालिका, वडा नं. - ६, जिर्मले निवासी श्री विक्रम राईलाई रु. २०,०००।- (बीस हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने। (श्रोत : आर्थिक सहायता)

प्रस्ताव नं. ४१

देवनगढी देवानछाप पर्यटन पूर्वाधार कार्यक्रमका लागि रकम थप गर्ने सम्बन्धमा।

निर्णय नं. ४१

'देवनगढी देवानछाप पर्यटन पूर्वाधार कार्यक्रम' रोङ गाउँपालिका, वडा नं. - ५, को लागि संघीय सशर्त अनुदान मार्फत् रु. १८,००,०००।- (अठार लाख रुपैयाँ मात्र) प्राप्त भएकोमा गाउँपालिकाको तर्फबाट रु. ३,९७,०००।- तथा स्टिमेट अनुसार अपुग बाँकी रकम उपभोक्ता समितिबाट व्यहोर्ने गरी उक्त योजना कार्यान्वयन गर्ने। (श्रोत : लागत साझेदारी)

प्रस्ताव ४२ : हर्कटे सब्जीलाइन बजार क्षेत्र सडक विस्तार गर्ने सम्बन्धमा।

निर्णय ४२ : रोङ गाउँपालिका, वडा नं. ३ को हर्कटे सब्जीलाइन बजार क्षेत्र सडक विस्तार गर्नका लागि स्वीकृत लागत अनुमान बमोजिम बढीमा रु. ४,८५,०००।- खर्च गर्ने (श्रोत : लागत साझेदारी)।

प्रस्ताव ४३ : खरिद सम्झौताको म्याद थप गर्ने सम्बन्धमा।

निर्णय ४३ : निवेदकको निवेदक, सूचना प्रविधि शाखाको राय समेतका आधारमा ठेक्का नं. RRM/ILAM/NCB/GOODS/2081/082-07 रहेको 'Supply and Delivery of ICT

Equipments' शीर्षकको खरिद प्रकृयाको म्याद सम्बन्धित आपूर्तिकर्ताले माग गरे बमोजिम म्याद थप गर्ने।

---

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

सही : 2082-09-06

नाम : विनोद कुमार चौहान

पद : प्रमुख प्रशासकीय अधिकृत